# रघुगंगा गाउँपालिकाको विनियोजन ऐन, २०८३

## प्रस्तावनाः

रघुगंगा गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप धारा (२) बमोजिम रघुगंगा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "रघुगंगा गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८३।८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक बर्ष २०८३।८४ को निमित्त गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गरिने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च र पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम **रु. ५६,०४,२०,७००.०० (अक्षेरेपी रुपैयाँ छपन्न करोड चार लाख बिस हजार सात सय मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०८३।८४ को निमित्त गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रमतर्फ गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रमतर्फ गरिने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्चबाट वित्तीय खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकम सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने स्रोतगत बजेट रकम

आर्थिक वर्ष २०८३।८४

| क्र.सं. | बजेट उप-शीर्षक | विनियोजन | चालु | पुँजीगत | वित्तीय |
|---|---|---|---|---|---|
| १ | रघुगंगा गाउँपालिका | ११,९४,३०,००० | १०,५४,३०,००० | १,४०,००,००० | - |
| २ | रघुगंगा गाउँपालिकास्तरीय तथा शाखागत योजना, कार्यक्रम र बजेट | ९,९९,४३,७०० | ४,९८,९०,७०० | ५,००,५३,००० | - |
| ३ | रघुगंगा गाउँपालिका समपुरक कोष क्रमागत योजना तथा गत आ.व.को भुक्तानी बाँकी दायित्व तर्फका कार्यक्रमहरु | ५,९६,३०,००० | - | ५,९६,३०,००० | - |
| ४ | रघुगंगा गाउँपालिका वडा वडास्तरीय योजना तथा कार्यक्रमहरु | २,१०,१९,००० | ५,००,००० | २,०५,१९,००० | - |
| ५ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) | २२,७४,००,००० | २२,४४,००,००० | ३०,००,००० | - |
| ६ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) | १,५०,००,००० | - | १,५०,००,००० | - |
| ७ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | ८०,००,००० | - | ८०,००,००० | - |
| ८ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) | ३९,९८,००० | - | ३९,९८,००० | - |
| ९ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | ६०,००,००० | - | ६०,००,००० | - |
| **कुल जम्मा विनियोजन** | | **५६,०४,२०,७००** | **३८,०२,२०,७००** | **१८,०२,००,०००** | - |

## अनुसूची -२

सञ्चित कोषबाट विनियोजन हुने क्षेत्रगत बजेट रकम

| क्र. सं. | बजेट उप-शीर्षक | विनियोजन | चालु | पुँजीगत | वित्तीय |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,५६,२७,७०० | १,१४,१३,७०० | ४२,१४,००० | - |
| २ | सामाजिक विकास | २६,६९,७०,००० | २५,५१,६८,००० | १,१८,०२,००० | - |
| ३ | पूर्वाधार विकास | १३,४५,७२,००० | - | १३,४५,७२,००० | - |
| ४ | सुशासन तथा संस्थागत विकास | १४,२१,५१,००० | ११,२६,३९,००० | २,९५,१२,००० | - |
| ५ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ११,००,००० | १०,००,००० | १,००,००० | - |
| **कुल जम्मा विनियोजन** | | **५६,०४,२०,७००** | **३८,०२,२०,७००** | **१८,०२,००,०००** | - |

प्रमाणीकरण मितिः २०८३।०३।०४ गते बिहिबार

**आज्ञाले**
**कुलराज पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**